## प्रदेशको सिमाङ्कनको अधार भनेको

# सामर्थ्य हो र केवल सामर्थ्य नै हुन पर्छ !

सम्माननीय अध्यक्ष महोदय,

१. हिन्दीमा उखान छ- "ढाक के तीन पात; खोदा पहाड; निकला चुहा !" मेरै दलका एक जना माननीय सदस्यले मैथिल भाषीहरुले प्राय: प्रयोग गर्ने अर्को उखान सुनाउनु भयो- 'चौवे निकला छव्वे बनने, दुवे बनकर आया !'

अहिले हामीले छलफलमा भाग लिइ रहेको राज्य पुनर्संरचाना सुझाव उच्चस्तरीय आयोगको सुझाव प्रतिवेदन हाम्रो लागि नेपाली भाषाको प्रचलित उखान- 'झिकी दे के भन्दा थपि दे के' जस्तै हुन पुगेको छ।

दलहरु वीच विवाद रहेका मुद्धामा उपुक्त सुझाव नदिनु; समाधान भएका बहसका विषयलाई फेरी कोतर्नु र दलहरु वीच विवाद नभएका विषयमा विवादास्पद सुझाव दिनु; प्रदेशको रचना, सिमाङ्कन र नामाङ्कनमा आयोगका बहुमत सदस्यहरुबाट विज्ञको रुपमा नभई आफ्नो उत्पती भएको भुगोल र समुदायको प्रतिनिधिले जस्तै आग्रहपूर्ण निस्कर्ष निकाल्नु; राज्यको पुनरसंरचना र राज्यशक्ति बाँडफाँड समितिको प्रतिवेदनले तय गरेको प्रदेश रचनाको सर्वसम्मत आधारलाई गलत ढंगले अर्थ्याउनु; कार्यदेश भन्दा बाहिर गई अनपेक्षित सुझाव थोपर्नु जस्ता मुख्य कमजोरी आयोगका सुझावमा छन् । यसवारे विगत २ दिनमा विभिन्न माननीय सदस्यहरुले यथेष्ठ चर्चा गरिसक्नु भएको छ । तसर्थ यो प्रतिवेदनको अन्तर-कुन्तरमा धेरै प्रवेश गरिरहनु म आवस्यक ठान्दिन । र यो प्रतिवेदन, संविधान लेखनमा सहयोगी बन्नै नसक्ने मेरो मत रेकर्ड होस् भन्ने अनुरोध गर्दछु ।

२. कतिपयमा. सदस्यहरुको प्रतुतीबाट 'संघीयता र प्रदेशको रचना'को बहस "भूमि सुधार कार्यक्रम" जस्तो भान पर्ने खालको सुनिएको छ । आफूलाई पायक परेको भुगोलको साँध-सिमाना बढाउने वा त्यो भुभागलाई 'अखण्ड' राख्ने मागले यस्तै प्रकृतिको सन्देश प्रवाह गरी रहेको छ । कतिपय मा. हरुको तर्क त एक बाजी आफ्नो ल्याकतले भ्याउने भुभागको कार्यकारी प्रमुख जुन विधिबाट हुन्छ त्यही विधिबाट बनि हालौं की जस्तो भान पार्ने खालको छ ।

त्यसैले जारी बहसलाई न्यायोचित टुङ्गोमा पुर्याउन- आफु उभिने भुगोल ठूलो होस् र म त्यसको ठूलो मान्छे बनि हालौं वा अल्पसंख्यामा नै रहेपनि एक पटक आफ्नो ठाँउको कार्यकारी प्रमुख बनि हालौं भन्ने लालस र लालचामा लगाम लगाउनु जरुरी छ ।

३. प्रदेश रचनाको सन्दर्भमा हामीले टेक्ने आधार भनेको अविवादित पहिचानका ५ र सामर्थ्यका ४ आधारहरु नै हुन् । यी सर्वसम्मत आधारमा म खोट देख्दिन । तर समस्या भनेको यसलाई वुझ्ने र यसको व्याख्यामा हो । '५+४' आधार मध्ये घत परेका र पायक परेका 'ए-काध' बुँदालाई टेक्ने काम त्रुटीपूर्ण धृष्टता हो । 'पहिचान प्राथमिक की सामर्थ्य' भन्ने बहस यस्तै फोस्रो तर्क हो ।

४. पहिचान र सामर्थ्य वीच अन्तरसम्बन्ध छ र हुनै पर्छ । यी दुई मध्ये एकको सम्बन्ध नामसंग र अर्काको सीमासंग हुन्छ । यसो नहुंदो हो भने हामीले २ कोटीमा पहिचान र समार्थ्य भनेर उल्लेख

गर्नै पर्ने थिएन । नामाङ्कन र सिमाङ्कनको मामिलामा हामी विच विवाद छ र यसलाई सुझबुझपूर्ण तरीकाले सहमतीमा टुङ्ग्याउनु पर्छ । यसो नहुँदा बाँकी ६१ दिनभित्र संविधान जारी गर्न संभव हुँदैन ।

तसर्थ, प्रदेशको सिमाङ्कनको अधार भनेको सामर्थ्य हो र केवल सामर्थ्य नै हुन पर्छ । जसलाई हामीले- आर्थिक अन्तरसंवन्ध र सामर्थ्य, पूर्वाधार विकासको अवस्था र संभावना, प्राकृतिक साधन र स्रोतको उपलव्धता र प्रशासनिक सुगमता भनेर सुत्रबद्ध गरेका छौं ।

हामीले काठमाडौं केन्द्रीत शासन व्यवस्थाले जनतालाई राज्यको अनुभूती गराएन भन्ने तर्कको आधारमा एकात्मक राज्य व्यवथालाई संघात्मकमा परिवर्तन गर्ने प्रण गरेका हौं । यसको स्वभाविक अर्थ हो, राज्यलाई जनताको घर-दैलोमा पुर्‍याउन सकिने गरी प्रादेशिक संरचनाको निर्माण गर्ने ! यसको अर्थ, 'कुन जातको वा मेरै जात'को मान्छेलाई मूल शासक बनाउने भन्ने किमार्थ थिएन । विडम्बना, हामी बहकियौं, हामीलाई वुद्धि दिने ठेक्का लिएका आयोगका विज्ञहरु झन बहकिनु भयो ।

यसको उदाहरण- हिमालको टाकुरामा प्रस्ताव गरिएको 'जडान प्रदेश' होस् वा 'काकडभिट्टा देखि कञ्चनपुरसम्म को एउटै प्रदेश' बनाउनै पर्ने नाजायज अड्डि होस्, लाई लिन सकिन्छ । यस्ता प्रदेशले कुन जनताको आँगन टेक्छ? कुन जनताको दैलो ढक्ढकाउँछ? यसका पक्षधरहरुले यो सभालाई 'कन्भिन्स' गर्न जरुरी छ । अझ 'हावामा बनाईएको महलले सुरक्षित ओत दिन्छ' भन्ने तर्क जस्तो 'गैर-भौगोलिक राज्य'को प्रस्ताव त 'पृथ्विमा भएको ज्यादतीलाई हटाउन अन्तरिक्षमा न्याय दिने' भने जस्तै हैन र?

अध्यक्ष महोदय,

यस्ता प्रदेश प्रस्तावहरु, 'फ्याक्चुयल रियलिटी' हैननु; 'भर्चुयल रियलिटी' मात्रै हुन् । जनताका लागि- 'माछो-माछो भ्यागुतो' भने जस्तै हुन् भन्ने मेरो धारणा छ ।

५. नाम- निसन्देह पहिचानसंगै जोडिन्छ । यसमा 'याँ-उँ' गरिरहनै पर्दैन । पहिचान भनेको भाषा हो, हाम्रो सँस्कृति हो । पहिचान भौगोलिक क्षेत्रगत निरन्तरता र ऐतिहासिक निरन्तरता हो । पहिचान सामाजिक सम्बन्ध हो । र, यो जातिय/समुदायगत परिचय पनि हो । यसै कारण हामी सबैले स्वीकार्‍यौं- नेपालीहरुको पहिचान मोनोलिथिक हैन, बहुआयामिक हो । तसर्थ भरखरै मैले चर्चा गरेको सिमाङ्कीत प्रदेशको नामाङ्कन यी पाँच बुँदाको समष्टि रुप वा साझा निस्कर्षको आधारमा गरिनु उपयुक्त हुन्छ ।

६. यस सन्दर्भमा जनजातिय पृष्टभूमिका माननीयहरुले उठाउने गर्नु भएको तर्कमा म उभिन चाहन्छु -
- जातको आधारमा नाम किन नराख्ने? किनकी हाम्रो देशमा जाती जनजातीका नागरिकहरु बसोबास गर्छन् ।
- स्थानीय भुगोलमा जनजातीहरु लाई स्रोत र साधनमा अग्राधिकार (प्रायोरिटी राइट्स) किन नदिने? किनकी उनीहरु त्यही भूमिसंग जोडिएका छन् ।
- आत्म निर्णयको अधिकार दिने की नदिने ?
- खास अवधिसम्म राजनीतिक अग्राधिकार हुने की नहुने?
- स्थानीय भाषालाई कामकाजको भाषा मान्ने की नमान्ने ? आदि ।

मेरो विचारमा यी प्रश्नहरुको उत्तर हामी कसैले कसै सित माग्ने र लिने विषय हैनन् । हामीहरु सबैले साझा सहमतीमा निकालिने निस्कर्ष हुन् । एकपटक यिनै प्रश्नलाई उल्टाएर हेरौं-

- जातको आधारमा प्रदेशको नाम किन राख्ने? त्यो वाहेक साझा नाम छ भने त्यसलाई स्विकार्ने की नस्विकार्ने?
- प्रायोरिटी राइट्स कस-कसले उपभोग गर्ने? जनजातीहरुले मात्रै की त्यो भुगोलमा रहने सबै निवासीले?
- 'टुक्रिने अधिकार' होइन भने प्रायोरिटी राइट भन्दा भिन्न अर्थ नलाग्ने आत्मनिर्णयको अधिकार हामीलाई किन चाहिने?
- खास जाती समुदायका पक्षमा राजनीतिक अग्राधिकार भनेको न्यायको तराजु एकातिर ढल्काउनु हो । "अल आर इक्वेल वट सम आर मोर द्यान इक्वेल" को सिद्धान्त हामीले नै चाँहि किन अपनाउने?
- मातृ भाषाको प्रयोग र कामकाजी/सम्पर्क भाषाको विषयमा भिन्नता गर्नु पर्ने की नपर्ने ?

अध्यक्ष ज्यु,

यी विषय नै राज्यको पुनसंरचनाका साझा हल निकाल्नु पर्ने विषयहरु हुन् । यी सबै हल नै खोज्न नसकिने असम्भव विषय हैनन्, तर सुझवुझको अभावमा जटिल भने अवस्य छन् । यदी द. अफ्रिकामा नेल्सन मण्डेलाले कालाको मात्रै राज्य भनेको भए त्यहाँको शासन आजसम्मै रंगभेदी रहन्थ्यो । मण्डेलाको हैसियत बुथलेजीको भन्दा माथि हुने थिएन । यदी डे क्लार्कले मण्डेलाको डेपुटी बन्न अस्वीकार गरेको भए उनी नोवेल शान्ति पुरस्कारको हकदार हुने थिएनन् ।

७. यो तथ्यलाई मननगर्दा मैले माथि चर्चा गरेको आधारमा पहिचान र सामर्थ्यलाई बुझ्ने हो भने बन्ने सबै प्रदेश, सिङ्गो नेपालको मिनी रुप, मिनियचर बन्ने छन् । त्यो रुप नै वास्तबमा उपयुक्त हुन्छ । यसले निसन्देह साझा नाम र साझ मनोविज्ञानको माग गर्छ । उदाहरणको लागि यदी भाषालाई साझा आधार मान्ने हो भने तराईमा ४ प्रदेश बन्नु उपयुक्त हुन्छ । यसो गर्दा तराईका ४ सहित बढीमा १० प्रदेश बनाउन सकिएला ।

८. जहाँसम्म शोषण दमनको कुरा छ, यो भुगोलको सिमानाले भएको हैन । हरेक देशका शोषक शासकहरु- त्यही देशका, उही समुदायका मानिस हुन् । हामी सबैलाई थाहा छ, नेपालमा आर्थिक शोषण र सामाजिक उत्पीडन गरि अन्यायका  दुई पाटा छन् । आर्थिक शोषण भनेको वर्गीय कुरा हो, एउटै मधेस, वा जानजातीय प्रदेश बनाए पनि 'हुने खानेले- हुँदा खाने'माथि अत्याचार गर्छ-गर्छ । यो वर्गीय कुरा हो, र हामीले बुझ्नै पर्ने कुरो आम रुपमा राज्यको चरित्र 'वर्गीय' नै छ । प्राचिन नेवा राज्य, राम राज्य थिएन । नत सेन, खस वा लिम्बुहरु कै राज्य सामाजिक न्यायको दृष्टिबाट समतामुलक थियो । लैङ्गिक, जाती/जनजातीय र क्षेत्रीय रुपमा हुने गरेको  वा भइरहेको 'बहिस्करण र सीमान्तीकरण' सामाजिक उत्पीडनका पाटा हुन् । यी सबैलाई हल गर्न वर्ग आधारित आर्थिक-सामाजिक रुपान्तरणको कार्यकक्रम जरुरी हुन्छ । जुन राज्य पुनर्संचनाको एउटा अभिभाज्य पक्ष त हो; तर भुगोलको कित्ता काट र नामसंग जोडिएको पक्ष भने किमार्थ होईन ।

धन्यवाद !